नगर कार्यपालिकाको
बैठक संख्या: ८०, २०७९-२०८४
मिति २०८३/०६/०२ को
निर्णय प्रमाणित ............

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ८०, २०७९-२०८४)

**मिति : २०८३ असोज २ गते**

निर्णयहरुः

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्थाबारे समीक्षा गरियो। कार्यपालिकाबाट भएका निर्णयहरूको कार्यान्वयनका लागि सम्बन्धित शाखा, वडा कार्यालय तथा अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने ।

२. प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत वडा नं. १३ भरैया निवासी १७ वर्षीया लालमती पुनमगरले घरमै शिशुको जन्म दिएपश्चात शिशु र आमा दुवैको निधन भएको विषयमा छानबिनका लागि गठित समितिले नगर प्रमुख समक्ष पेश गरेको प्रतिवेदन कार्यपालिकामा पेश भयो । सो प्रतिवेदनले औंल्याएका विषय कार्यान्वयन गर्ने ।

३. बसपार्क व्यवस्थापन समितिको मिति २०८३/०४/२२ को निर्णय अनुमोदन गरी कार्यान्वयन गर्ने ।

४. यस नगरपालिकामा "घ" वर्गको ईजाजतका लागि आवश्यक कागजात संलग्न राखी निवेदन पेश भएकोमा के.डि. बिल्डर्स, कोहलपुर १०, बाँकेलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत प्रदान गर्ने ।

५. गत आ.व. २०८२/०८३ को स्वीकृत भ्रमण आदेश नं. ३० बमोजिम भ्रमण खर्च रकम रु १९,८००।- दायित्व छुट रकम अनुसूची - ४ तर्फ सि.नं. २४६ बाट वडा नं. ५ का वडा अध्यक्ष श्री दिपेन्द्र श्रेष्ठलाई भुक्तानी दिने ।

६. आ.व ०८३।०८४ का लागी अग्रीम रुपमा खोलिएका ठेक्का/खरिद न. BANKE.KOMUN/W/NCB-३२/२०८२-८३, BANKE.KOMUN/W/NCB-३३/२०८२-८३, BANKE.KOMUN/W/NCB-३४/२०८२-८३, BANKE.KOMUN/W/NCB-३५/२०८२-८३ तर्फका योजनाहरुको भुक्तानी आ.व ०८३।०८४ को बार्षिक बजेट पुस्तिकाको सि.न. ११८ र ११९ मा रहेको "नगर स्तरिय पुर्वाधार निर्माण" बाट हुनेगरी गर्ने ।

७. कर्मचारी तथा जनप्रतिनिधिको क्षमता अभिबृद्धि कार्यक्रमको आ.व. २०८२/०८३ को प्रदिप कुमार रावतको नाममा भुक्तानी दिन बाँकी रकम चालु आ.व.को दायीत्वमा छुट हुन गएकोले उक्त रकम रु.५९,०००/-(उनान्साठी हजार) भुक्तानी दिने ।

८. कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत हाल नेपालगञ्जको मिति २०८३/०६/०२ गतेको चलानी नं. ३५१ को पत्रबाट तालिम केन्द्र परिसरमा माटो तथा खरबाट निर्मित तालिमरत प्रशिक्षार्थी तथा प्रहरी कर्मचारी बस्ने कच्ची ब्यारेक, प्रशिक्षण कक्ष लगायतका भवनहरू जीर्ण अवस्थामा रहेको र वर्षायाममा पानी चुहिने समस्या रहेको हुँदा उक्त संरचनाहरूको छाना मर्मतका लागि जस्तापाता लगायत आवश्यक सामग्री उपलब्ध गराई सहयोग गरिदिन अनुरोध भई आएकोले आवश्यक सामाग्री खरीदका लागी भैपरी आउने पुँजीगत शिर्षकबाट हुने गरि रु. ३,००,०००/- (तीन लाख) आर्थीक सहयोग गर्ने ।

९. सशस्त्र प्रहरी बल नेपाल नं. ३० गण हे.क्वा.बागेश्वरी नेपालगंजको मिति २०८३/०५/३० गतेको चलानी नं. ३४० को प्राप्त पत्र अनुसार मातहत युनिटहरु विच हुने खेलकुद ग्राउण्ड निर्माणका लागि यस नगरपालिकाबाट भैपरी आउने पुँजीगत शिर्षकबाट हुने गरी रु. ४,००,०००/- (चार लाख) आर्थीक सहयोग गर्ने ।

मान बहादुर गिरी
प्रमुख प्रंशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ८०, २०७९-२०८४
मिति २०८३/०६/०२ को
निर्णय प्रमाणित ....

१०. सशस्त्र प्रहरी बल, नेपाल सशस्त्र प्रहरी गणबाट तालिम शिक्षालय नौवस्ता, बाँकेको मिति २०८३/०६/०२ गतेको चलानी नं. २०५ को प्राप्त पत्र अनुसार विपद व्यवस्थापन तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन आवश्यक सामाग्री खरीद गरी विपत व्यवस्थापन कोषबाट हुने गरी उपलब्ध गराई मर्मत कार्यमा सहयोग गर्ने।

११. कोहलपुर नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यका लागि उपयोग गरिदैं आएको सरस्वती सामुदायिक वनको जग्गामा फोहरमैलाको दिगो व्यवस्थापनका लागि आवश्यक पूर्वाधार सहितको संरचना र कोहलपुर नगरपालिका वडा नं १५ चौधरीया, प्रसेनिपुर हुदै बैजनाथ गा. पा. सिमाना जोड्ने बाटोमा पर्ने गौरिया नालामा पक्कि पुल निर्माणको लागि तयार भएका विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने।

१२. कोहलपुर नगरपालिका ८ नं. वडा कार्यालयको मिति २०८३/०६/०१ गतेको सिफारीस र कोहलपुर नगरपालिका वडा नं. ८ निवासी हरि बहादुर सुनारको निवेदनअनुसार निजकी पत्नी गिता सुनार लामो समयदेखि गम्भीर तथा जटिल प्रकृतिको मोटर न्यूरोन डिजिज (MND/ALS) बाट पीडित रहेको र उक्त रोगको पूर्ण उपचार सम्भव नभई एडरावोन तथा रिलुजोल लगायतका औषधि नियमित रूपमा प्रयोग गर्नुपर्ने अवस्था रहेको हुंदा निजको स्वास्थ्य अवस्था तथा उपचारको आवश्यकतालाई मध्यनजर गर्दै उक्त फुल फ्ल्याट/फुल फाउलर बेड अन्य सामाजिक सहायता शिर्षकबाट खरीद गरी हस्तान्तरण गर्ने ।

१३. कोहलपुर नगरपालिका वडा नं. १२ को मिति २०८३/०३/१२ गतेको वडा कार्यसमितिको निर्णयअनुसार आ.व. २०८२/०८३ मा विपद् तथा विविध शीर्षकअन्तर्गत विभिन्न टोलमा ग्राभेल गर्ने कार्यक्रम सञ्चालन भएकोमा उक्त कार्यक्रमको ठेक्का/सम्झौता बमोजिम के.के. बिल्डर्स, राप्ती सोनारी– ९, बाँकेबाट सम्पन्न भएको कार्यको प्राविधिक मूल्याङ्कनबाट भ्याटसहित रु. २,३२,४६१.८३ बराबरको कार्य सम्पन्न भएको देखिएको र सो को प्राविधिक बिल, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन, नगरस्तरीय अनुगमन समितिको सिफारिस, बिल भरपाई तथा फोटोसमेत पेश भएको हुँदा गत आ.व. को कार्यक्रमको भुक्तानी हुन बाँकी रकम चालु आ.व.को दायीत्वमा छुट हुन गएकोले उक्त रकम रु. २,३२,४६१।८३ (दुई लाख बत्तीस हजार चार सय एकसठ्ठी रुपैयाँ र तिरासी पैसा मात्र) भुक्तानी दिने।

१४. बेटर बाँके कोहलपुर-११ बाँकेको प्राप्त पत्रानुसार नेपाली हिन्दुहरूको महान् पर्व वडा दशैंको अवसरमा कोहलपुर नगरपालिकामा आयोजना हुने दुर्गा पूजा कार्यक्रमका लागि कोहलपुर नगरपालिकाको आ.व. २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट पुस्तिकाको पेज नं. १४६, सि.नं. ४९ धर्म, कला संस्कृति संरक्षण तथा प्रवर्द्धन कार्यक्रम शीर्षकबाट खर्च व्यहोर्ने गरी रु. २,००,०००।- (दुई लाख रुपैयाँ मात्र) उपलब्ध गराउने ।

१५. प्रेमनगर युवा क्लब, कोहलपुर– २, प्रेमनगर, बाँकेको आयोजनामा युवाहरूलाई खेलकुद तर्फ प्रोत्साहन गर्न, स्थानीय खेल प्रतिभाको विकास गर्न तथा युवाहरू बीच आपसी भाइचारा, अनुशासन र सामाजिक सद्भाव कायम गर्ने उद्देश्यले आयोजना हुन लागेको खुल्ला पाँच-ए- साइड फुटसल प्रतियोगिता सञ्चालनका लागि क्लबबाट प्राप्त अनुरोध बमोजिम प्रतियोगिता सञ्चालनमा आवश्यक सहयोग स्वरूप रु.५०,०००।– (अक्षरेपी पचास हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत